नौमुले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौमूले दैलेख
कर्णाली प्रदेश, नेपाल

## अत्यावश्यक औषधि खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित सूचना :- २०७७/०८/१८**

यस गाउँपालिका अन्तर्गत गा.पा. स्वास्थ्य अनुदानतर्फ आ.व.०७७/०७८ का लागि स्विकृत कार्यक्रम अनुसार स्वास्थ्य संस्थाहरुको लागिआबश्यक पर्ने औषधिहरु सिलबन्दी दरभाउ पत्रका माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न इच्छुक रजिस्टर्ड कम्पनि, फर्म तथा सप्लायर्सहरुले निम्न शर्तहरुको अधिनमा रही अलग अलग सिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएकोछ ।

तपसिल

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र नगद रु.१०००/-(फिर्ता नहुने) रकम तिरी आ.व. ०७७/०७८ का लागि नबिकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाण पत्र, औषधि व्यवसायी दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र तथा मु.अ.कर दर्ता प्रमाण पत्र, आ.ब. ०७६/०७७ सम्मको कर चुक्ता प्रमाण पत्र सहित कागजातहरुका प्रतिलिपिहरु संलग्न राखी सिलबन्दी दरभाउदाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराम खरिदका लागि यस कार्यलयमा निबेदन पेश गर्नु पर्नेछ ।

२) प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औ दिनको १२:०० बजे भित्र दरभाउपत्र फाराम सिलबन्दी गरी रीतपुर्वक यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

३) दर्ता सिलबन्दी दरभाउ फारामहरु सोहि दिनको १:०० बजे भित्र दरभाउ दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि सिलबन्दी दरभाउ खोल्न बाधा पर्ने छैन ।

४) सिलबन्दि दरभाउपत्र दर्ता गर्दा जमानत वापतको रकम तपसिलका दरले नौमूले गाउँ कार्यपालिकाको कार्यालयको नाममा (एनएम बि बैंकमा) रहेको धरौटी खाता नं. १०४००७१७१२४०००३१ मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा कम्तिमा ७५ दिन म्याद भएको क बर्गको मान्यता प्राप्त वाणिज्य बैंक ग्यारेन्टी पत्र सिलबन्दि दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्र स्वीकृत अंकको २.५% बराबरको धरौटी रकम बैंक खातामा दाखिला गरि भौचर वा कार्यालयको नाममा जारी भएको बैंक जमानत सिलबन्दि दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

५ ) दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्रहरु स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ । शर्त राखी पेश गरेको दरभाउपत्र मान्य हुने छैन ।

६) स्विकृत सिलबन्दि दरभाउपत्र अनुसारको सामान एकमुस्ट वा आवश्यकता अनुसार खरिद गरिनेछ । सामान सप्लाई गरिने औषधिको म्याद स्टोर दाखिला भएको मितिले कम्तिमा १८ (अठार)महिना हुनु पर्नेछ । १८ (अठार) महिना म्याद नहुने औषधिको कम्तिमा ९ महिना म्याद बाकी रहेको हुनुपर्नेछ ।

७) रीत नपुगेको दर भाउपत्र माथि कुनै कार्बाही गरिने छैन ।

८) दरभाउ पत्र स्वीकृत भए पछी सम्झौता बमोजिम कार्यलयले तोकेको समय अबधि भित्र औषधि तथा सामान सप्लाई गर्नु पर्नेछ र औषधिको केहि अंश वा सम्पूर्ण औषधि नै बुझाउन नसकेमा सार्बजनिक खरिद नियम बमोजिम कार्बाही हुनेछ । सम्पूर्ण करहरु र कार्यालय सम्म ढुवानी गर्दा लाग्ने खर्च सिलबन्दी दरभाउपत्र दाताले नै ब्यहोर्नु पर्नेछ ।

९) सप्लाई हुने औषधिको प्रत्येक स्ट्रिप र प्रत्येक प्याकिंगको बाहिर उत्पादन मिति, एक्सपायर हुने मिति, ब्याच नम्बर र नेपाल सरकारबाट "निशूल्क वितरण"भनि उल्लेख भएको हुनु पर्नेछ ।

१०) सिलबन्दी दरभाउ पत्रका सम्बन्धमा अन्य केहि कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यलय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

११) WHO GNP Certified मान्यता प्राप्त उत्पादन कम्पनिहरुबाट उत्पादित औषधिहरु मात्र सप्लाई गर्नु पर्नेछ र औषधि सामानहरु गुणस्तर युक्त र नेपाल सरकारबाट बन्देज नलगाइएको हुनुपर्ने साथै टुटेफुटेका, लेबल स्पष्ट नभएकालाई मान्यता दिइने छैन ।

१२) यस सुचनामा उल्लेख नभएका अन्य कुराहरु सार्बजनिक खरिद एन,२०६३ तथा नियमावली,२०६४ अनुसार हुनेछ ।

तपसिल :-

| ठेक्का न. | विवरण | लागत अनुमान (मू.अ.कर सहित) | जमानत धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ०१-०७७/७८ | अत्यावश्यक औषधि खरिद कार्य | १५०००००/-(पन्ध्र लाख मात्र) | ३७,५००/-(सैतिश हजार पाँच सय मात्र) | |

..............................
प्रमुख प्रशासकीय अधिकृत

गजेश प्रसाद कोइराला
प्रमुख प्रशासकीय अधिकृत